# नौमूले गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## नौमूले, दैलेख
### कर्णाली प्रदेश, नेपाल

सूचना नं. ०२/०७९/०८०

दोस्रो पटक प्रकाशित मिति २०७९।७।२७

## ढुङ्गा, गिट्टि तथा वालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना

यस नौमूले गाँउपालिकाको कार्यालय दैलेखको आर्थिक वर्ष २०७९/०८० को लागि गाँउ कार्यपालिकाद्वारा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तथा निम्न बमोजिम उल्लेखित शर्तहरुको अधिनमा रही ढुङ्गा, गिट्टी तथा वालुवा ठेक्का प्रक्रियाद्वारा बिक्रि वितरण गर्नुपर्ने भएकाले इच्छुक फर्महरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक फर्म वा कम्पनीले आफै वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत तोकिएको समय भित्र अध्यावधिक नविकरण गरिएको व्यवसाय दर्ताको प्रमाणपत्र मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र कर चुक्ताको प्रमाणपत्र स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र आ व. २०७८/०७९ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र (व्यक्तिको हकमा लागु नहुने) तपशिलमा उल्लेखित शिलबन्दी बोलपत्र दस्तुर निवेदन साथ पेश गरेपछि यस कार्यालयवाट खरिद गर्न सकिनेछ ।

२. उल्लेखित ठेक्काको कर दस्तुर दररेट र शर्तहरु शिलवन्दी बोलपत्र फारममा संलग्न गरिनेछ । शिलबन्दी बोलपत्रफारम खरिद दस्तुर रु १०००/-(अक्षरेपी : एक हजार मात्र) एन एम वि (nmb) बैंक नौमूले दैलेखमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १०४००७१७१२४०००७४ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयमा नगद बुझाएको आम्दानी रसिद लिई आएमा कार्यालयबाट बोलपत्र खरिद गर्न सकिनेछ ।

३. आफुले चाहेको ठेक्का र कवोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ। शिलवन्दी वोलपत्र फारम साथ जमानत वापतको रकम यस गाँउपालिकाको नाममा एन एम बि (nmb) बैंक दैलेखमा रहेको धरौटी खाता नं. १०४००७१७१२४०००३१ मा दाखिला गरेको सक्कलै भौचर वा कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी विड वण्ड समावेश गर्नुपर्नेछ ।

४. यस कार्यालयको छाप एवम् कार्यालय प्रमुख वा निजको जिम्मेवारी वहन गर्ने व्यक्तिको सहि छाँप नभएको शिलबन्दी बोलपत्र तथा म्याद नाघि वा रित नपुगी प्राप्त भएको शिलवन्दी वोलपत्र माथि कुनै कारवाही हुने छैन। प्राप्त शिलवन्दी वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

५. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ । दर्ता भएका शिलवन्दी वोलपत्र सोहि दिनको २:०० बजे कार्यालयमा खोलिनेछ साथै खोल्ने समयमा बोलपत्रदाता स्वंयम वा निजको प्रतिनिधि उपस्थित नभएका पनि शिलबन्दी बोलपत्रखोल्न कुनै वाधा पर्ने छैन ।

६. शिलबन्दी वोलपत्र सम्वन्धि अन्य शर्तहरु वोलपत्र फारमा उल्लेख गरे बमोजिम हुनेछ । अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन वमोजिम हुनेछ ।

७. शिलवन्दी बोलपत्र सम्वन्धी थप जानकारीको लागि कार्यालयको वेवसाइट :www.naumulemun.gov.np, इमेल:ito.naumulemun@gmail.com, फोन ९८४१०५१२७६ तथा सूचना पाटी मार्फत लिन सकिनेछ।

रेशम बहादुर वुढा
(प्रमुख प्रशासकीय अधिकृत)

तपशिल

| सि.नं. | ठेक्का नं. | शिर्षक | ठेक्का रकम (न्यूनतम अंक) | ठेक्का फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| १. | ०१/०७९/०८० | नौमूले गाँउपालिका क्षेत्र भित्रको ढुङ्गा, गिट्टि तथा वालुवाको ठेक्का वन्दोवस्ती सम्बन्धी सूचना | १२,४३,८५३।– | १,००० | कवोल अंक को ५ प्रतिशत |

नौमूले गाँउपालिका, दैलेख